# के. आई. सिंह गाउंपालिका

# वायल, डोटी

## आन्तरिक आय संकलन तर्फको दरभाउपत्र

के. आई. सिंह गाउं कार्यपालिकाको कार्यालय

वायल, डोटी

ठेक्का नं १-२०७६/२०७७

आ. व. २०७६/०७७

# विषय सुची

सुचना ........................................................................................२

प्राकृतिक श्रोतको संकलन/उत्खनन गरिने स्थान तथा परिमाणको विवरण.........................३

विल अफ क्वान्टिटि..............................................................................४

१. सुचना

# के. आई. सिंह गाउंपालिका
## गाउं कार्यपालिकाको कार्यालय
## वायल, डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आय संकलनतर्फको सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**ठेक्का नं. १–०७६/७७**

**प्रथम पटक प्रकाशित मिति : २०७६/०४/२० गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(च) ले दिएको अधिकार प्रयोग गरी यस के. आई. सिंह गाउं कार्यपालिकाको निर्णयानुसार गाउंपालिका क्षेत्र भित्र भएर बग्ने सेती नदीका विभिन्न घाटहरुबाट स्वीकृत प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन के अधीनमा रही आ.व. २०७६/०७७ मा प्राकृतिक श्रोतहरुको कूल संकलन १८,६०० घन मि (प्रति घ. मि कर बाहेक रु ७५) ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१ न्यूनतम् ठेक्का अंक रु १३,९५,००० (अक्षरुपी तेह्र लाख पैचानब्बे हजार (मु. अ. कर र अन्य कर बाहेक)) कायम गरिएको छ ।

२ ठेक्काको अवधि ठेक्का स्वीकृत भई सम्झौता गरेको मितिले २०७७ जेष्ठ मसान्त सम्म कायम रहने छ ।

३ तोकिएको स्थानको सीमा रेखाभन्दा बाहिर गई रोयल्टी संकलन गर्न पाईने छैन, तोकिएको सिमाभन्दा बाहिर गई रोयल्टी संकलन गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले जनुसूकै अवस्थामा पनि ठेक्का सभैता रद्द गर्न सक्नेछ ।

४ दरभाउपत्र फारम यस कार्यालयको एन एम वि बैंक के आई सिंह शाखामा रहेको संचित कोष खाता नं. १०६०९१००६४०६८६००००००६ मा रु १००० जम्मा गरी वा यस कार्यालयमा नगदै तिरी खरिद गर्न सकिनेछ ।

५ दरभाउपत्र फारम निम २०७६/०५/०२ गते कार्यालय समय भित्र खरिद गरी सक्नु पर्नेछ भने २०७६/०५/०३ दिनको १२:०० बजे भित्र पेश गरी सक्नु पर्नेछ । पेश भएको दरभाउ पत्र २०७६/०५/०३ गते दिन को २:०० खोलिने हुँदा सो समयमा दरभाउपत्रदाता वा निजले तोकेको व्यक्त उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६ दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै र्कालय खुलेको दिन सोही समयमा काम हुनेछ ।

७ दरभाउपत्र पेश गर्दा आफुले कवोल गरेको दररेट रकमले प्रस्तावित परिमाणलाई गुणन गर्दा हुन आउने कूल रकमको ५ (पांच) प्रतिशत रकम यस कार्यालयको एन एम वि बैंक के आई सिंह शाखामा रहेको धरौटी खाता नं. १०६०९१००६४०६८६००००००४ मा नगद जम्मा गरेको प्रमाण वा सो रकम बरावरको यस कार्यालयको नाममा जारी ७५ दिन म्याद भएको बैंक जमान पेश गर्नु पर्ने छ ।

८ दरभाउपत्रदाताले कवोल गरेको ठेक्का अंक र त्यसमा लाग्ने कर बराबरको नगद रकम वा नेपाल राष्ट बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधि सम्मको लागि जारी गरिएको परफरमेनस वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलानको पट्टा पुर्जि प्रदान गरिनेछ ।

९ बुंदा नं. ८ बमोजिको रकम एकमुष्ठ बुझाउन नसकिएको अवस्थामा कबोल रकममा लाग्ने पूरै कर रकम र कवोल रकमको पचास प्रतिशत रकम दाखिला गरी बाकी पचास प्रतिशत रकम वाफत ठेक्का अवधि भरको नेपाल राष्ट बैंकबाट क वर्गको इजाजत प्राप्त बाणिज्य बैंकको जमानत लिई सम्झौता गरिनेछ ।

१० दरभाउपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुने पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११ यस कार्यालयबाट प्रमाणित नगरी विक्रि भएको, म्याद नाघी आएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

१२ दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## २ प्राकृतिक श्रोत अन्तरगत ढुङ्गा, गिट्टी तथा बालुवा संकलन/उत्खनन गरिने स्थान तथा परिमाणको विवरण

| क्र.स. | नदी खोलाहरुको विवरण | क्षेत्र | संकलन/उत्खनन गरिने बस्तु | संकलन तथा उत्खनन साईट | दिगो उत्खनन गर्न सकिने परिमाण ( घन मि) |
|---|---|---|---|---|---|
| १ | सेती नदी (मटेला देखि नारी दांग सम्म) | नारी दांग (पिपल बोट), वडा नं. २ | ढुङ्गा, गिट्टी, बालुवा | I | ६०० |
| २ | | घटिंगे,वडा नं. ३ | ढुङ्गा, गिट्टी, बालुवा | II | १००० |
| ३ | | खडायत माडु, वडा नं. ५ | ढुङ्गा, गिट्टी, बालुवा | III | १००० |
| ४ | | मौसेरा, वडा नं. ५ | ढुङ्गा, गिट्टी, बालुवा | IV | १६,००० |
| **कुल जम्मा** | | | | | १८,६०० |

३ विल अफ क्वान्टिटि

# के. आई. सिंह गाउंपालिका
# गाउं कार्यपालिकाको कार्यालय
वायल, डोटी

प्राकृतिक श्रोत अन्तरगत ढुङ्गा, गिट्टी, बालुवाको संकलनको परिमाण तथा दर (**BOQ**) टेन्डर फाराम

| सि.नं. | ठेक्का नं. | नदीको नाम | कुल संकलन परिमाण (घ.मी.) | न्यूनतम ठेक्का रकम | कबोल रकम (मु.अ.क.बाहेक) | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | | |
| १ | ०१/२०७६/०७७ | सेती नदी | १८६०० | १३९५००० | | | | |
| जम्मा | | | | | | | | |

दस्तखत :

फर्म/कम्पनीको नाम :

फर्म/कम्पनीको ठेगाना :

सम्पर्क नं. :

फर्म/कम्पनीको छाप :